DOI: https://doi.org/10.3126/cognition.v7i1.74771

# अभागी कथामा प्रजाति क्षण र परिवेश

**अनिता पंगेनी**[१]

***लेखसार***

*प्रस्तुत लेख गुरुप्रसाद मैनालीद्वारा लिखित नासो कथासङ्ग्रह (२०२०) मा समाविष्ट अभागी कथामा आधारित छ । यस कथाको विश्लेषण समाजशास्त्रीय चिन्तक हिप्पोलाइट अडोल्फ तेनको प्रजाति, क्षण र परिवेशका आधारमा गरिएको छ । लेखक बाँचेको युग र उसले भोगेका सामजिक, आर्थिक, भौगोलिक आदि परिवेशलाई दृष्टिगत गरी कृतिभित्रको समाजको वैज्ञानिक एवं वस्तुपरक ढङ्गले अध्ययन एवं विश्लेषण गर्ने सिद्धान्त नै साहित्यको समाजशास्त्र हो । समाजशास्त्रीय मान्यतामध्ये प्रजाति, क्षण र परिवेशले व्यक्तिका, भाषा, संस्कृति, रहनसहन, भेषभुषा, परिस्थिति आदिमा केन्द्रित रहेर साहित्य र समाजको अध्ययन गर्न सकिन्छ भन्ने विचार प्रस्तुत गरेको छ । यसले लेखकको सामाजिक स्थिति र त्यस बेलाको प्रजाति, क्षेण र परिवेशको प्रभाव कृति भित्र के कस्तो छ, त्यसको अन्तः सम्बन्धको खोजी वैज्ञानिक एवं वस्तुपरक ढङ्गले गर्दछ । नासो कथा नेपाली समाजको विगत छ दशकको सामाजिक यथार्थसँग सम्बद्ध कथा हो । मैनाली साहित्य जगतमा आदर्शोन्मुख यथार्थवादी कथाकारका रूपमा चिनिन्छन् । यस अध्ययनमा उपर्युक्त कथामा उल्लिखित आधारहरूको पहिचान गर्दै प्रजाति, क्षण र परिवेशको अभिव्यक्तिलाई प्रस्ट पारिएको छ ।*

**शब्दकुञ्जी –** प्रजाति, क्षण, प्रायोगिक, अन्धविश्वास, प्राज्ञिक, सम्बद्ध, समाजशास्त्रीय ।

## विषयपरिचय

प्रस्तुत अध्ययन गुरुप्रसाद मैनालीद्वारा (१९५६-२०२८) लिखित *अभागी* कथामा प्रजाति, क्षण र परिवेशमा केन्द्रित रहेको छ। मैनाली नेपाली साहित्य कथा फाँटमा आदर्शोन्मुख यथार्थवादी कथाकारका रूपमा प्रसिद्ध छन् । *अभागी* कथा मैनालीको २०२० मा प्रकाशित नासो कथा सङ्ग्रहमा सङ्कलित कथामध्येको एक हो । मैनालीको भूमिकामा धेरैजसो कथाहरू आफूले स्वयम् देखेका अथवा निकटबाट सुनेका सामाजिक दृश्यहरूलाई लिएर लेखेको छु भन्नुले पनि प्रस्तुत *अभागी* कथा समाजमा रहेका यथार्थ घटनक्रमलाई बुनेर सशक्त रूपमा लेखिएको कथा हो भन्न सकिन्छ । मैनाली सामाजिक कथाकार भएकाले उनका कथामा ग्रामीण नेपाली जनजीवनको कारुणिकता, निम्नवर्गीय जीवनको यथार्थता, सामाजिक रूढि, अन्धविश्वास, अज्ञानता, प्रेम, विरह र व्यथा जस्ता आदि कुराहरू समेटिएको हुन्छ । मैनालीले निम्नवर्गीय जीवनले भोग्नुपरेका समस्याहरू साहित्यक कृतिमा प्रस्तुत गर्ने हुनाले *अभागी* कथा पनि यिनै विषयवस्तुमा केन्द्रित रहेको छ । गरिबी, अशिक्षा

१. peace2068@gmail.com

*Received on Oct. 19, 2024 Accepted on Dec. 24, 2024 Published on Jan. 31, 2025*

र असमझदारीका कारणले उत्पन्न भएको पारिवारिक सामाजिक समस्यालाई उनले *अभागी* कथामा राम्रोसँग चित्रण गरेका छन् । यो कथा ग्रामिण परिवेशको जनजीवनमा आधारित भई उच्चवर्गले गरिब र सङ्घर्षशील जनतामाथि गरेको बेइमानी कस्तो हुन्छ भन्ने विषयमा आधारित भई वि.सं.२०२० को परिवेशसँग आधारित रहेको छ ।

समाजशास्त्रलाई समाजको संरचना र विकास, सामाजिक गतिविधि र संस्कृतिको अध्ययनका रूपमा लिइन्छ । यसले समाजको आन्तरिक र बाह्य परिवेशसँग सम्बद्ध तथ्यहरूको अध्ययन गरेको हुन्छ । समाजशास्त्रभित्र अन्तर्निहित विविध आयाममध्ये साहित्यको समाजशास्त्रलाई एक पक्षका रूपमा लिइन्छ । कुनै पनि समाजको अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ । यसले साहित्यमा वर्णित समाजको  अध्ययन गर्दछ । यसैलाई आधार बनाएर कृतिको विश्लेषण गर्ने पद्धति नै साहित्यको समाजशास्त्रीय पद्धति हो । यस पद्धतिका माध्यमबाट समाजमा रहेका प्रजाति, क्षण र परिवेशको अध्ययन गर्न सकिन्छ । कुनै पनि साहित्यिक कृतिमा कुनै न कुनै रूपबाट लेखकले आफूले भोगेको समाजको चित्रण गरेको पाइन्छ । हिप्पोलाइट अडोल्फ तेनले साहित्यिक समाजको अध्ययनमा प्रजाति, क्षण र परिवेशले  महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भन्ने मान्यतालाई अघि सारेका छन् । मैनालीको *अभागी* कथा पनि सामाजिक विषयवस्तुमा आधारित कथा हो । *अभागी* कथामा समाजशास्त्रीय अध्ययनमा आधारित प्रजाति, क्षण र परिवेशको विश्लेषण नगरिएको हुनाले यिनै मान्यतालाई आधार बनाएर विश्लेषण गरिएको छ ।

प्रस्तुत लेखमा *अभागी* कथामा प्रजाति, क्षण र परिवेशसँग सम्बन्धित विभिन्न विषयहरूको खोजी गरिएको छ र यस कथामा प्रस्तुत प्रजाति, क्षण र परिवेशको प्राज्ञिक विश्लेषण गर्दै त्यसका बारेमा निष्कर्ष दिनु नै यस लेखको मूल उद्देश्य हो ।

## अध्ययनविधि

प्रस्तुत लेख साहित्यिक लेख भएको हुँदा यसका निम्ति आवश्यक सामग्रीको सङ्कलन, पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ । यसमा गुरुप्रसाद मैनालीद्वारा लिखित *नासो* कथासङ्ग्रहमा सङ्गृहीत कथामध्ये *अभागी* कथालाई प्राथमिक सामग्रीका रूपमा लिएको छ भने यस कथाका बारेमा गरिएका अनुसन्धान, समीक्षा, समालोचना, विश्लेषण, टिप्पणी आदिलाई द्वितीय सामग्रीका रूपमा लिइएको छ ।

प्रस्तुत लेखको प्राज्ञिक समस्या समाधानका लागि र सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका लागि साहित्यको समाजशास्त्रीय अध्ययनका विभिन्न सैद्धान्तिक पद्धतिहरूमध्ये तेनको जाति, परिवेश र क्षणको सिद्धान्तलाई सामग्रीको विश्लेषणको मूल ढाँचाका रूपमा प्रयोग गरिएको छ । यस शोधमा तेनको समाजशास्त्रीय सिद्धान्तको उपयोग गरी विश्लेषण गरिएको हुनाले यसमा मूल रूपमा निगमनात्मक पद्धतिको उपयोग गरिएको छ । यसबाट प्राप्त निष्कर्ष ज्ञानोन्मुख हुने हुनाले आगमनात्मक विधिको पनि उपयोग गरिएको छ । यसमा व्याख्यात्मक, विश्लेषणात्मक विधि उपयोग गरी सामग्रीको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

अगस्त कोम्तेलाई समाजशास्त्रका जन्मदाताका रूपमा चिनिन्छ । यिनले ल्याटिन शब्द सोसाइटस र लोगोसको अन्वय गरी सोसियोलोजी शब्दको जन्म दिएका हुन् । सोसोलियोजी शब्दको नेपाली रूपान्तरण नै समाजशास्त्र हुन्छ। साहित्यमा अभिव्यक्त समाजको विश्लेषण गर्ने सिद्धान्त साहित्यको समाजशास्त्रीय सिद्धान्त हो। साहित्यको समाजशास्त्रका पिता फ्रान्सेली सिमाजशास्त्री हिप्पोलाइट अडोल्फ तेन हुन्। सन् १८३९ मा फ्रान्सेली चिन्तक तथा समाजशास्त्रका पिता अगस्त कोम्तेले सर्वप्रथम समाजशास्त्र शब्दको प्रयोग गर्दै समाजलाई अध्ययन गर्ने शास्त्र प्रस्तुत गरे उनकै चेला फ्रान्सेली समालोचक हिप्पोलाइट एडोल्फ तेन (सन् १८२८-१८९३) ले *हिस्ट्री अफ इङ्लिस लिटरेचर* (सन् १९५६) नामक कृतिका माध्यमबाट लेखकको जाति, क्षण र पर्यावरण यी तीनै कुराको प्रभाव कृतिमा पर्ने हुनाले साहित्यको समालोचना क्षण जाति र परिवेशका आधारमा समीक्षा हुन सक्ने दृष्टिकोण प्रस्तुत गरे । यिनका धारणाअनुसार साहित्य लेखनको मूल प्रयोजन मानिसको मनोविज्ञान र अन्तर्जगत्को अध्ययन विश्लेषण एवं अनुसन्धान गर्नु हो। यिनले यही समाज र मानिसका बिचको सम्बन्ध समेट्ने साहित्यलाई मानव जीवनको आधार बनाउन चाहेका छन् (पाण्डेय, १९८९, पृ.१२३) । उनले साहित्यकारले आफ्नो सिर्जनाको विषय समाजबाट प्राप्त गर्दछ, साहित्य व्यक्तिगत कल्पनाको उपज होइन तर समाजको सोचाइको अभिव्यक्ति हो, साहित्य समाजको अभिव्यक्तिको सूचना भण्डार हो (पाण्डेय, १९८९, पृ.१२५) भन्ने धारणा व्यक्त गरेका छन् । तेनका दृष्टिमा साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने व्यक्तिले साहित्यमा व्यक्त प्रजाति, क्षण र परिवेशवारे अध्ययन गर्नु आवश्यक छ। त्यसैले समाजका प्रजाति, क्षण र परिवेशका त्रित्वबाट जुन सामाजिक जीवनको निर्माण हुन्छ, त्यो साहित्य सिर्जनको कारण हो र साहित्य कार्य हो । प्रजाति, क्षण र परिवेशका आधारमा कथा विधालाइ पनि अध्ययन गर्न सकिन्छ । त्यसैले यसै आधारमा केन्द्रित रहेर अध्ययनमा छनौट गरिएको *अभागी* कथाको विश्लेषण गर्नुपूर्व तेनद्वारा प्रतिपादित प्रजाति, क्षण र परिवेशको निम्नानुसार परिचय दिनु सान्दर्भिक देखिन्छ :

### प्रजाति

प्रजाति मूलतः समाजशास्त्रीय अध्ययनको विषय हो । यो उन्नाइसौँ शताब्दीमा अत्यधिक प्रचलित र व्यापक रूपमा प्रयोग भएको शब्द हो (जैन, सन् १९९२, पृ.२३) । तेनको साहित्यको समाजशास्त्र सम्बन्धी त्रिसूत्रीय सिद्धान्तमध्ये प्रजाति पनि एक हो जसलाई उनले अरूलाई भन्दा बढी महत्त्व दिएको पाइन्छ। हिप्पोलाइट अडोल्फ तेन (सन् १८२८-१८९३) लाई साहित्यको समाजशास्त्रका प्रवर्तक मानिन्छ। तेनका अनुसार सर्जक समाजवाटै जन्मन्छ र आफ्ना सिर्जनाका विषयवस्तुहरू पनि उसले समाजबाट नै लिएको हुन्छ। त्यसैले साहित्य समाजबाट भिन्न रहन सक्दैन भन्ने धारणा रहेको पाइन्छ। तेनले *हिस्ट्री अफ इङ्लिस लिटरेचर* (सन् १९०६) भन्ने पुस्तकमा साहित्यिक कृतिका माध्यमबाट आफ्नो समाजको अध्ययन गरेका छन् । उनको विचारमा लेखकले समकालीन समाजका प्रजाति र उनीहरूका व्यवहार तथा स्वभावका प्रभावबाट साहित्यको सिर्जना भएको हुन्छ (तेन, सन् १९०६, पृ. ६-७) । उनले प्रजातिअन्तर्गत व्यक्तिका सहज तथा वंशाणुगत विशेषता, मानसिक सोचाइ र शारीरिक बनावट आदिको चर्चा गरेका छन् (पाण्डेय, २००६, पृ. १२४) । उनले आर्यहरूको उदाहरण दिँदै एउटा प्रजाति विभिन्न देशमा फैलिएर पनि ती प्रजातिका मौलिक विशेषता

तथा पदचिह्न कायम रहने कुरा बताएका छन् (पाण्डेय, २००६, पृ. १२४)। तेनले साहित्यको विश्लेषणका सन्दर्भमा साहित्यिक रचना मूलतः कलाकारको प्रभाव र प्रबल मनोवेगको उपजको रूपमा रहने धारणा व्यक्त गरेका छन्। कुनै पनि व्यक्तिले रचना गरेको इतिहास र इतिहासमा उसले प्राप्त गरेको स्थान जीवनको सहयोग मात्र नभएर मूलतः उसको प्रतिभाको कारण हो भन्ने मान्यता प्रस्तुत गरेका छन् (जैन, सन् १९९२, पृ.२६)। तेनले वंशपरम्पराको आधार बाहेक प्रजातिलाई शारीरिक बनावटका आधारमा पनि छुट्याउन सकिन्छ भनेका छन् (तेन, सन् १९०६, पृ. ६-७)। प्रजातिगत प्रभावबाट प्रतिभा तथा साहित्यकारहरूको जन्म समाजमा हुन्छ र उनीहरूले साहित्यमा आफ्नो प्रजातिगत विशेषताको अभिव्यक्ति गरेका हुन्छन् भन्ने मत तेनको रहेको छ (अलब्रेच र अन्य, १९७०, पृ.३८४)। तेनका दृष्टिमा सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य समाजको मानव जाति तथा प्रजातिबारे जान्नु हो। त्यसका लागि साहित्यको अध्ययन आवश्यक हुन्छ। यसरी तेनले साहित्यको अध्ययनका लागि अन्य विषयमध्ये प्रजातिलाई एउटा मुख्य विषयको रूपमा मानेका छन्।

## क्षण

साहित्यकारलाई कुनै निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले उसको चेतनामा प्रभाव पारेको हुन्छ। त्यही अभिव्यक्ति नै क्षण हो। तेनका अनुसार कुनै एउटा युगमा एउटा मुख्य विचार आएको हुन्छ र त्यो बौद्धिक खालको हुन्छ (तेन, सन् १९०६, पृ. १२७)। जुन विचारले पूरै समाजलाई प्रभावित पारेको हुन्छ। जुनसुकै युगमा पनि मान्छेको एउटा परिकल्पना वा अवधारणा रहेको हुन्छ र यसले विस्तारै एउटा आदर्शको रूप धारण गर्छ भनेका छन् (पाण्डेय, सन् २००६, पृ.१२७)। तेनले साहित्यको अध्ययनबाट त्यस समयका मान्छे भावना, विचार र जीवन अवस्था बोध्य हुन्छ भनेका छन्। साहित्यमा प्रायः गरेर त्यस क्षणको समय र प्रजातिको आत्माको मनोविज्ञान प्रकट भएको हुन्छ (पाण्डेय, सन् २००६, पृ. १२८)। जुन लेखकले आफ्नो राष्ट्र र युगको समग्र जीवन पद्धतिको भावनालाई समेट्न सक्दछ, त्यो लेखक त्यस देश र समयको केन्द्रबिन्दु हो (पाण्डेय, सन् २००६ , पृ. १२८)। उनका विचारमा साहित्यकार युगको साक्षात्कार गराउने व्यक्ति हो। साहित्यका माध्यमबाट साहित्यकारले आफ्नो युग र राष्ट्रका मानव जीवनको सत्यको पहिचान गराउँछ। तेनले यसको चर्चा गर्ने क्रममा प्रधान र गौण विचारको धारण प्रस्तुत गरेका छन्। उनका मतमा हरेक युगमा एउटा कुनै विचार प्रधान हुन्छ , जसले सम्पूर्ण समाजको चिन्तनलाई कुनै न कुनै रूपमा प्रभावित बनाएको हुन्छ (पाण्डेय, २०६९, पृ. १२५)। साहित्यकारले आफ्नो समाजको भावनालाई अभिव्यक्त गर्ने भएकाले साहित्यिक कृति त्यो समाजको दस्तावेजको रूपमा रहेको हुन्छ। यसरी साहित्यको समाजशास्त्रीय अध्ययनमा क्षणको खोजलाई समाजशास्त्री तेनले एउटा महत्त्वपूर्ण विषयका रूपमा लिएका छन्।

## परिवेश

सामाजिक, भौगोलिक, जलवायुगत, प्राकृतिक परिवेशको समन्वित रूप नै परिवेश हो। साहित्यमा परिवेशको पनि महत्त्वपूर्ण भूमिका हुन्छ। तेनले प्रजाति, क्षणलाई जस्तै परिवेशलाई पनि साहित्यको विकासको प्रमुख आधार मानेका छन्। उनका अनुसार प्राकृतिक परिवेश मुख्य हो र त्यसभित्र सामाजिक परिवेश समेटिन्छ। दुनियाँमा मान्छे एक्लो हुन्न। उसको सबैतिर प्रकृति, समाज हुन्छ। उसको आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषता, भौतिक सामाजिक परिस्थिति, घटना आदिबाट ऊ प्रभावित हुन्छ। परिवेशका कारणले त्यहाँका

बासिन्दाका सन्दर्भमा उनको मुख्य आशय प्राकृतिक भए पनि त्यसअन्तर्गत सामाजिक, सांस्कृतिक आदि विविध पक्ष समावेश भएको हुन्छ (पाण्डेय, २००६, पृ. १२५)। तेनले जनताको मानसिकतालाई प्राकृतिक सामाजिक परिवेशले निर्धारण गर्दछ भन्दछन्। उनले मानव स्वभाव र प्राकृतिक परिवेशका बिच कार्य-कारण सम्बन्ध स्थापित गर्न कोसिस गरेको देखिन्छ। यही स्वभाव अनुसारको अभिव्यक्ति, संस्कृति कला तथा साहित्यमा परेको हुन्छ (पाण्डेय, सन् २००६, पृ. १२५)। प्रजाति, क्षण र परिवेशको प्रभाव लेखकको कृतिमा पर्ने हुँदा मानिसको मनोविज्ञान र अन्तरजगतको अध्ययन, विश्लेषण एवं अनुसन्धान कृतिका माध्ययमबाट गर्न सकिन्छ। त्यसैले तेनले साहित्यको अध्ययनका लागि परिवेशलाई पनि मुख्य विषयको रूपमा मानेका छन्।

## विश्लेषण र परिणाम

यस अध्ययनबाट साहित्यिक कृतिमा प्रयुक्त प्रजाति, क्षण र परिवेशको अध्ययन गर्न सकिन्छ भन्ने कुरा प्रस्ट पारिएको छ। प्रस्तुत अध्ययनमा हिप्पोलाइट अडोल्फ तेनद्वारा प्रतिपादित मान्यता प्रजाति, क्षण र परिवेशलाई आधार बनाएर अभागी कथामा आएका घटना क्रमलाई विश्लेषण गरिएको छ।

## अभागी कथामा प्रजाति

*अभागी* कथामा पण्डित माधवप्रसाद प्रमुख पात्रका रूपमा आएका छन् भने गङ्गा, कृष्ण, खत्रिनी बुढी, चौतारिया, करुणा, केशव, सानुचा, आदि पात्रहरू सहायक पात्रका रूपमा आएका छन्। पेसा र जातिगत आधारमा हेर्दा यस कथाका यी पात्रहरू आर्य प्रजातिका हुन् भने नेवार जाति भनिने व्यक्ति भने मङ्गोलियन प्रजातिको हो। कथामा माधवप्रसाद पण्डित पण्डितका रूपमा प्रस्तुत भएकोले उनी उच्च कुलीन व्यक्ति हुन् भन्ने देखिन्छ। कथामा आएका घटनाक्रमको अध्ययन गर्दा प्रस्तुत कथा पितृसत्तात्मक समाजको सामाजिक यथार्थवादी विचारले अभिप्रेरित कथा भएको पुष्टि हुन्छ। माधवप्रसादकी पत्नी गङ्गा बिरामी भएर अन्तिम अवस्थामा हुँदा तुलसीको मठ नेर लगेर सुताउनु, बिरामीको मुखमा जौँ, तिल, गङ्गाजल राखिदिनु, उनलाई आफ्नो छोरा कृष्णको मुख हेर्न चाहना हुनु, जस्ता घटनाक्रमहरू हिन्दु परम्परासँग आबद्ध हुनुले तत्कालीन समाज धार्मिक परम्परामा विश्वास गर्ने नेपाली रूढिवादी समाज भएको पुष्टि हुन्छ। कथामा गङ्गाले आफ्नो अन्त्यपछि छोरा कृष्णको हाल के होला भनेर पिर मान्नुले तत्कालीन समाजमा बहुविबाहको प्रचलन रहेको कुरा उनको भनाईबाट पुष्टि भएको छ : "कृष्ण बालक छ, त्यस अनाथमाथि दया गर्नुहोला!" (मैनाली, २०७६, पृ. ६४) प्रस्तुत समाजको अध्ययन गर्दा तत्कालीन समाजमा जातका आधारमा तल्लो र माथिल्लो जात भनेर भेदभाव हुनुले कथाको जातीय परिवेश हिन्दु र धार्मिक कट्टरताको परिकल्पना भएको समाज हो भन्ने कुरा प्रस्तुत घटनाक्रमले पुष्टि गर्दछः "सानुचा कसाईका छोराहरू दौडँदादौडँदैको मोटर समातेर झुन्डिन्थे। त्यो देखेर कृष्ण पनि मोटर आयो भन्दै दगुर्दै पछिपछि जान्थ्यो। माधव गएर समातेर ल्याउँथे" (मैनाली, २०७६, पृ. ६६)। उपर्युक्त साक्ष्यले नेपाली समाजमा व्याप्त उच्चवर्ग र निम्नवर्ग बिचको भेदभावको भावनालाई प्रस्ट पारेको छ। यहाँ निम्न वर्गीय पात्रका रूपमा आएका सानुचा कसाईका छोराहरूले दौडँदादौडँदैको मोटर समातेर झुण्डिनु सामान्य रूपमा लिइएको छ भने उच्चवर्ग मानिने ब्राह्मणको छोरा कृष्णले मोटरमा झुण्डिँदा माधव आश्चर्यमा पर्नुले तत्कालीन समाजको उच्चवर्ग र निम्नवर्ग बिचको भेदलाई बुझाएको छ।

कथामा आमाको अन्त्यपछि सौतेनी आमा जातिका प्रसङ्गहरू पनि वर्णित छन् । आफ्नो आमाले छोराछोरीलाई गर्ने मायाममता र सौतेनी आमा जातिले सौताका छोराछोरीलाई गर्ने माया ममतासँगै व्यवहार पनि फरक हुने कुरा तलको साक्ष्यले पुष्टि गरेको छ ः

> यस उमेरमा बालकहरू विशेष गरेर खेलवाड मै रमाउँछन् । खेल्न पायो भने भोकप्यास केही कुराको वास्ता गर्दैनन् । यस अवस्थामा छोराछोरी खान छोडेर खेल्न जान लागे भने आमाहरू पक्रेर ल्याएर कर लगाईलगाई ख्वाउँछन् । रोए पनि वास्ता नगरेर जबरजस्ती न्वाइदिन्छन् । बलजफतसँग तेल घसिदिन्छन् । मैलो लुगा फेरेर सुकिलो लुगा लगाइदिन्छन् । जाडो भएको बेलामा आफ्नु ओढ्नेले ढाकेर काखमा गुटुमुटु पारेर राख्छन् । तर गङ्गाको बदलामा कृष्णको लालनपालन गर्न आएकी करुणा सन्तानका उपर आमाले गर्नुपर्ने यी प्रधान कर्तव्यहरूको पालना गर्थिन वा गर्दैनथिन् त्यो कुरा अन्तरयामी जानून् । (मैनाली, २०७६, पृ.६७)

उपर्युक्त भनाइमा आमाले आफ्ना सन्तानलाई खुवाउने, नुहाइदिने, तेल घसिदिने, आफ्नु ओढ्नेले ढाक्ने जस्ता हरेक कुराको ख्याल राख्दछन् भने गङ्गाको अन्त्यपछि विवाह गरेर आएकी करुणाले सौताको छोरो कृष्णलाई यसरी माया गरिन या गरिनन् भन्ने कुरा अन्तरयामी जानून् भन्नाले नेपाली समाजमा प्रचलित बहुविवाहको सन्दर्भ जोडिनुको साथै आमाका पनि आफ्नी र सौतेनी गरी फरक जात हुने कुरा यस कथामा पाउन सकिन्छ ।

यस कथामा नेपाली जातिभित्रको बाहुन प्रजातिका छोरो कृष्णले रूद्री पढ्न नजानेर माधवले गाली गर्नुमा तत्कालीन समयमा शिक्षा पनि अन्य जातिका लागि नभएर बाहुन जातिका लागि मात्र भएको यस प्रसङ्गबाट बुझिन्छ ः “पढेगुनेर खानुपर्ने बाहुनको छोरो भएर यत्रो लाठे हुँदा पनि पाजीले दुई अध्ये रुद्री पढ्न सकेको छैन” (मैनाली, २०७६, पृ.७१) कथामा प्रयुक्त भाषाले नेवार प्रजातिको सङ्केत गरेको छ । भाषिक आधारमा पनि जातिगत पहिचान गर्न सकिन्छ भन्ने कुराको पुष्टि यहाँ गरिएको छ ः

> हिजो बेलुका ट्यहीँ पाटीमा बास बसेका ठिए । केतोले कमन्दलु जुथो लाइदिएछ र जोगीले दुई-तीन चोती पित्यो । केतो रूँदै धारामा कमन्दलु माइदै गर्न लागेको ठियो । आज बिहानै उथेर डुबै जना भीमफेडीटिर गए । (मैनाली, २०७६, पृ.७३)

यसरी कथामा कृष्ण जोगीसँग भागेर गएको घटनावर्णनले नेपालमा जोगी सम्प्रदायका जाति पनि छन् भन्ने कुरा आएको छ भने माधव कृष्णलाई लिएर पचली नंसिपुरी बाबाजीकहाँ गएर गाँजा खाएको प्रसङ्गले जातिगत रूपमा खानपिनले पनि प्रभाव पार्दछ भन्ने कुरा कथामा वर्णित छ। गुरुप्रसाद मैनालीले अभागी कथाका माध्यमबाट नेपाली समाजमा बाहुन, क्षेत्री, नेवार, कसाई, जोगी आदि विभिन्न प्रजातिहरूलाई ल्याएर तिनीहरूका माध्यमबाट सिङ्गो नेपालको प्रजातिगत अवधारणालाई स्पष्ट पारेको देखिन्छ ।

## अभागी कथामा क्षण

गुरुप्रसाद मैनालीको *अभागी* कथामा २०२० साल पूर्वको नेपाली समाजको यथार्थ वस्तुस्थितिलाई चित्रण गरिएको छ। यस कथामा तत्कालीन क्षणमा ग्रामीण समाजमा प्रचलित आर्थिक अवस्था कमजोर भएको कारणले उच्च वर्गका व्यक्तिका घरमा काम गर्नुपर्ने विवशतालाई देखाइएको छ । कथामा नारीबिनाको घर कति

उजाड लाग्दो रैछ भन्ने कुरा गङ्गाको मृत्युपछि माधव र कृष्णको दैनिकीबाट प्रस्ट भएको छ। कथामा नेपाली ग्रामिण समाजमा व्याप्त आर्थिक अवस्था, विभेद, अभाव, पीडामा जीवन बिताउन विवश मानिसहरूको चित्रण गरिएको छ। कथाकारले आफूले देखेभोगेका कुराहरू नै कृतिमा उतार्ने भएकाले प्रस्तुत कथाभित्रका घटनाक्रमहरूमा मैनालीले देखेभोगेको समाजको यथार्थता छ भन्ने कुरा स्पष्ट हुन्छ। कथामा घटित घटनाक्रमको अध्ययन गर्दा तत्कालीन समय पितृसत्तात्मक संस्कार र हिन्दु परम्परामा आबद्ध रहेको कुरा प्रस्तुत उदाहरणबाट प्रस्ट हुन्छ, जस्तै : "माधवले पत्नी गंगाको निधारमा हात राखेर कस्तो छ भन्दा पत्नीले हात जोडेर के के नै गरिदिउँला भन्थे, मेरो यही गति भो" (मैनाली, २०७६, पृ.६४)। प्रस्तुत उदाहरणमा त्यो समयका नारीहरूले आफ्नो पतिलाई भगवान मान्थे भन्ने कुरा उद्घाटित भएको छ। उनीहरू आफू बाँच्ने पनि लोग्नेलाई सुख दिन, धन सम्पत्तिले पूर्ण पार्न र लोग्नेको सकेसम्म सेवा गर्न भन्ने कुरा स्पष्ट भएको छ। प्रस्तुत कथाको अध्ययन गर्दा कथाकारको समय रूढिवादी, अन्धविश्वासी, पतिलाई महान् ठान्ने युग भएको पुष्टि हुन्छ।

तत्कालीन समयमा उपचारको राम्रो व्यवस्था नहुनु र डाक्टरभन्दा पनि धामी भ्काँक्रीप्रति विश्वास हुनुमा यो उदाहरणले प्रस्ट पारेको छ :

> 'सास छइन्जेल आस,' माधवले डाक्टर, वैद्य, धामी, भ्काक्री सबैलाई घरमा बोलाएर देखाए डाक्टरले टिबीको शङ्का गर्यो, वैद्यले जीर्ण ज्वरो भन्यो, धामीले मनकामनाको भाकल देखायो। सबैले एकएक थोक नाउँ राखेर आफ्नु फिस खल्तीमा हालेर हिँडे, तर कसैको ओखतीले छोएन। (मैनाली २०७६, पृ.६४)

माथिको उदाहरणमा गङ्गाको उपचारमा संलग्न व्यक्तिहरूले आआफ्नो तरिकाबाट रोगको पहिचान गर्नु र रकम असुल गर्नुबाहेक कुनै अर्थ नरहेको कुरा माथिको सन्दर्भबाट पुष्टि भएको छ। यसरी तेनले साहित्यकारले युगको साक्षात्कार गराउँछ भनेभ्कै यस कथाको समय पनि रूढिवादी परम्परामा विश्वास गर्ने रहेको छ।

कथामा माधवलाई घरको र छोराको पीर हुँदा हुँदै पनि दिउँसो चौतारीया कहाँ पढाउन जानुपर्ने बाध्यात्मक परिस्थितिलाई उजागर गरिएको छ। मध्यम वर्गीय परिवारले उच्च वर्गीय परिवारको घरमा गएर काम गर्नुपर्ने र आफ्नो जीविकोपार्जन गर्नुपर्ने अवस्था कथामा पाइन्छ। तत्कालीन समयमा चाडबाडका अवसरमा मध्यम वर्गका व्यक्तिले आफ्नो परिवारसँगै बसेर खाने, रमाइलो गर्ने अवस्था नभएको तलको उदाहरणबाट बुझ्न सक्छौं, "दशैं आयो माधव चौतारीयाको दशैंघरमा पूजा गर्न गए। वर्षैपिच्छे जान्थे। नौरथाभरि राता लुगा लाएर एक छाक खाएर उहीँ बस्नुपर्थ्यो। टीकाका दिन बिसर्जन पूजा गरेर मालिकमालिक्नीको हातको टीको लगाएर मात्र घर आउँथे" (मैनाली, २०७६, पृ. ६८)। यस साक्ष्यबाट तत्कालीन समयमा जीविकोपार्जनको लागि अन्य व्यवस्था नभएकोले माधव नौरथाभरि चौतारीयाको घरमा एक छाक खाएर पूजापाठ गरेर बस्नुपर्ने र दशैंको टीकाको दिन पूजा सकेर मालिकमालिक्नीको हातको टीका लगाएर मात्र आफ्नो घरमा फर्किनुको प्रसङ्गले त्यस समयको आर्थिक अवस्था र नेपाली संस्कृतिको क्षणलाई सङ्केत गरेको छ। त्यस्तै गरेर बालबालिकाले घरमा उचित मायाममता नपाउँदा र सौतेनी आमाको व्यवहार राम्रो नहुँदा बालबालिकामा पर्ने असरलाई यसरी प्रस्ट पारिएको छ, "माधव राति तोप चल्ने बेलामा घर आए। कृष्ण त्यस वेलासम्म पनि घर आएको रहेनछ। वल्लो-पल्लो घरमा खोजे, कतै फेला परेन। शिवरात्रिको दिन साथीहरूसँग कतै रमिता हेर्न गयो भनेर सुते। तर,

कृष्ण भोलिपल्ट पनि आएन" (मैनाली, २०७६, पृ.७२) । यस प्रसङ्गमा आएको तोप चल्ने शब्दले राणाकालीन क्षणको सङ्केत गर्नुको साथै अभिभावकले आफ्ना सन्तानको ख्याल नगर्दा हुने चिन्ता माधवले वल्लो-पल्लो घरमा कृष्णलाई नभेट्नुले प्रस्ट पारेको छ ।

## अभागी कथामा परिवेश

गुरुप्रसाद मैनालीको *अभागी* कथा ग्रामीण परिवेशलाई आधार बनाएर लेखिएको कथा हो । यस कथाका सबैजसो परिवेशहरू गाउँले प्रकृतिका छन् । यस कथामा आएका पात्र र परिस्थितिलाई हेर्दा नेपाली निम्नवर्गीय ग्रामिण जनजीवनसँगको चित्रण छ । यस कथामा देशकाल, वातावरणमा ग्रामिण परिवेशको वर्णन पाइन्छ । यस कथामा माधव कृष्णको खोजीमा हिँडेका कालमोचन, पशुपति, कैलाश, मृगस्थली, थानकोट, भीमफेदी जस्ता ठाउँ भौगोलिक परिवेशका रूपमा आएका छन् । कथामा आमाको मृत्युपछि सौतेनी आमाको व्यवहारले बालबालिकामाथि पर्ने नकारात्मक प्रभाव कृष्णद्वारा प्रस्ट पारिएको छ । तेनले साहित्यमा परिवेशको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ भने जस्तै *अभागी* कथामा पनि परिवेशले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । माधवले छोराको स्याहार गर्ने कोही नहुँदा बिहे गरेको भन्नुले नेपाली समाजमा केटाकेटी हेर्न आइमाई नै चाहिने र करुणालाई भित्र्याउनुले समाजको बहुविवाहको परिवेशलाई देखाएको छ, "छोराको स्याहार गर्ने कोही नहुनाले यस उमेरमा फेरी बिहा गर्नुपर्यो भनेर माधव अफसोच गर्थे" (मैनाली, २०७६, पृ. ६७) । कथामा सानुचा कसाईका छोराहरू नपढेर, खोपी खेल्नु, दौडँदादौडँदैको मोटर समातेर झुन्डिनु, साँढे जुधाएर रमाइलो गर्नुले निम्नवर्गीय समाजमा शिक्षा र संस्कृतिको अभाव भएको परिवेश देखिन्छ भने कृष्णले पनि पढाइमा भन्दा कसाईका छोरासँग, खोपी खेल्नु, साँढे जुधाएर रमाइलो गर्नु, घरबाट पैसा चोर्नु, जोगीहरूको सङ्गत गर्नु उनैका पछि लागेर हिड्नु जस्ता घटना वर्णनले बालबालिकालाई आफ्नी आमाले जस्तो माया सौतेनी आमाले नगर्दा बालबालिकाको कस्तो दयनीय अवस्था हुन्छ भन्ने कुरा यस उदाहरणबाट प्रस्ट हुन्छ :

> आधा दिनतिर खत्रिनी बूढी धारबाट पानी भरेर आउन लागेकी, कृष्णे पाटीमा तुइचासँग खोपी खेल्न लागेको रहेछ । घुँडा फाटेको मैलो सुरुवाल लाएको, दौरा-टोपी पनि मैलो, बाउला-खल्ती फाटेको झुत्रो कोट लाएको, गोडा-गाला फुटेका, लुगा र हात-गोडामा धूलो लागेको, कृष्णको भेषभूषा देखेर खत्रिनी बूढीले एकछिन उभिएर हेरिरहिन् । (मैनाली, २०७६, पृ.६८)

कथाका पात्र माधवले करुणालाई बिहे गरेर ल्याएपछि घर सप्रने र छोरो कृष्णले पनि स्याहार पाउने आफूलाई घरको चिन्ता नहुने आशा राखेका थिए तर करुणाले कृष्णलाई गरेको निर्ममताको व्यवहारले माधवमा निराशा छाएको छ । कथामा प्रस्तुत भएका करुणाका व्यवहारहरू नेपाली समाजमा विद्यमान सामाजिक परिवेश भएर आएका छन, जस्तैः "विचरी गंगाले दश वर्षको उमेरदेखि घर गरेर लोग्नेलाई एक मानु खाने तुल्याएर गई । आखिर उसैको छोराको यो गति भयो" (मैनाली २०७६, पृ.७४) ।

गुरुप्रसाद मैनालीको *अभागी* कथा काठमाडौँको परिवेशमा तयार भए तापनि यसले सिङ्गो नेपालको परिवेशलाई चित्रण गरेको छ । साहित्यिक कृतिमा साहित्यकार बाँचेको स्थानीय परिवेशको छाप पाइन्छ भन्ने तेनको समाजशास्त्रीय सिद्धान्तसँग यो कथा मेल खाएको छ । यस कथामा कथाकार मैनालीले भोगेको समाजको

पूर्ण यथार्थता चित्रण गरिएकोले अध्ययनीय *अभागी* कथा प्रजाति, क्षण र परिवेशका आधारमा विश्लेषण गर्नु सान्दर्भिक छ।

## निष्कर्ष

गुरुप्रसाद मैनालीद्वारा लिखित *नासो* (२०२०) कथा सङ्ग्रहमा सङ्कलित *अभागी* कथा सामाजिक कथा हो । यस कथाले २०२० साल पूर्वका समाजका घटनाक्रमलाई कार्यपीठिका बनाएको छ। कथाले तत्कालीन समाजका वर्ग समुदायको परावैयक्तिक चिन्तनलाई व्यक्त गरेको छ। प्रस्तुत कथालाई हिप्पोलिट अडोल्फ तेनद्वारा प्रतिपादित साहित्यिक समाजशास्त्रका प्रजाति, क्षण र परिवेशका आधारमा विश्लेषण गर्दा कथाकारले प्रस्तुत कथामा तत्कालीन समाजको यथार्थ चित्रण गर्न सक्षम रहेको देखिन्छ। कथामा आएको प्रजातिले तत्कालीन समाजको समाजिक भेदभावको प्रचलनलाई प्रस्ट पारेको छ भने क्षणले तत्कालीन नेपाली समाजको सामाजिक र आर्थिक अवस्थालाई झल्काएको छ। त्यस्तै परिवेशको रूपमा आएका घटनाक्रमले नेपाली समाजका सामाजिक अवस्थालाई राम्रोसँग चित्रण गरेको छ। यस आधारमा मैनालीको *अभागी* कथा २०२० साल अघिको सामाजिक प्रतिबिम्ब उतार्न सफल छ भन्ने कुरा यस अध्ययनबाट पुष्टि गरिएको छ।

## सन्दर्भसामग्री

अलब्रेचट एम.सि.र अन्य (सन् १९७०). *दि सोसियोलोजी अफ आर्ट ल्याङ्गोज एन लिङग्स्टिक्स*. लन्डन।

क्षेत्री, उदय (२०६४). *इन्द्रबहादुर राईका कथामा समाजशास्त्र,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर।

जैन, निर्मला (सन् १९९२). *साहित्यको समाजशास्त्रीय चिन्तन (दोस्रो संस्क.).* दिल्ली विश्वविद्यालय : दिल्ली।

तेन, हिप्पोलाइट (सन् १९०६). *हिस्ट्री अफ इङ्लिस लिटरेचर*. बेलायत : अकसफोर्ड युनिर्भरसिटी प्रेस।

पाण्डेय, ताराकान्त (२०७२). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*. ललितपुर : साझा प्रकाशन।

पाण्डेय, मैनजर (सन् २००६). *साहित्यमा समाजशास्त्रको भूमिका*. हरियाणा : साहित्य अकादमी।

मैनाली, गुरुप्रसाद (२०२०). *नासो* (बाइसौं संस्क.). ललितपुर : साझा प्रकाशन।